REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 27.11.2024

- Rangpoo Railway

लोकसभा सांसद डाक्टर इन्द्रहाङ सुब्बाले रम्फू-गान्तोक रेलवे लाइन परियोजनाका लागि भएको अन्तिम स्थान सर्वेक्षणको स्वीकृतले मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको दूरदर्शी नेतृत्वमा सिक्किम विकास र प्रगतिको स्वर्णिम दशकतर्फ अग्रसर भइरहेको कुरालाई दर्शाएको बताउनुभएको छ।

उल्लेखनीय छ, विस्तृत परियोजना प्रतिवेदन हेतु रम्फू-गान्तोक रेलवे लाइन परियोजनाका लागि अन्तिम स्थान सर्वेक्षण स्वीकृत गरिएको रेल मन्त्रालयले संसदलाई जानकारी गराएको छ। बहुप्रतीक्षित सेवोक-रम्फू रेल सम्पर्कको लागि केवल तीन किलोमिटर सुरुङ निर्माण गर्न बाँकी रहेको पनि जानकारी गराइएको छ।

सांसद डाक्टर सुब्बाले राखेको प्रश्नको लिखित उत्तर दिँदै आज रेल मन्त्री श्री अश्विनी वैष्णवले भन्नुभयो, चौंवालीस किलोमिटरको सेवोक-रम्फू रेल परियोजनाको अनुमानित लागत बाह्र हजार एक सय बत्तीस करोड रुपियाँ रहेको छ। उहाँले यस वर्षको मार्चसम्ममा सात हजार बत्तीस करोड रुपियाँ खर्च भएको अनि २०२४–२५ का लागि दुई हजार तीन सय तीस करोड रुपियाँ रहेको पनि अवगत गराउनुभयो।

लगभग उन्चालीस किलोमिटर सुरुङ निर्माण हुने सेवोक रम्फू रेल मार्गमा छत्तीस किलोमिटरको निर्माण कार्य पूरा भएको छ। रेलवे परियोजना पूरा हुने अपेक्षित मितिको बारेमा बोल्दै रेल मन्त्रीले भन्नुभयो, राज्य सरकारद्वारा भूमि अधिग्रहण, वन विभागका अधिकारीहरूद्वारा वन स्वीकृति, भौगोलिक अवस्था, यस क्षेत्रको कानून-व्यवस्थाको स्थिति आदि जस्ता कारकमाथि निर्भर हुन्छ।

---------------------------------------X---------------------------------------

- <u>SSCB Award</u>

सिक्किम राज्य सहकारी ब्याङ्कलाई अखिल भारतीय स्तरमा वर्ष 2022-23-का लागि दोस्रो स्तरीय संरचनाअन्तर्गत समग्र उत्कृष्ट प्रदर्शन अर्थात Overall Best Performance-को क्षेत्रमा प्रतिष्ठित तेस्रो पुरस्कार प्राप्त भएको छ।

यो पुरस्कार केन्द्रिय गृह मन्त्री श्री अमित साहको बाहुलीद्वारा नयाँ दिल्लीको प्रगति मैदानस्थित भारत मण्डपमा हिजो आयोजित एउटा कार्यक्रमबीच प्रदान गरिएको हो। राज्य सहकारी ब्याङ्कको राष्ट्रिय महासंघद्वारा प्रदान गरिएको यो पुरस्कार ब्याङ्ककी प्रबन्धन निदेशक श्रीमती पेमा छेनजोमले ग्रहण गर्नुभयो।

यो सम्मानले ब्याङ्कको सेवामा सुधार, वित्तीय स्थिरता र सहकारी ब्याङ्कीङ क्षेत्रमा योगदानका लागि गरिएको निरन्तर प्रयासलाई दर्शाउँदछ। यस उपलब्धिले क्षेत्रमा समावेशी विकास र वित्तीय समावेशनलाई प्राथमिकता दिनमा रहेको ब्याङ्कको महत्त्वपूर्ण भूमिकालाई उजागर गर्दछ।

--------------------------------------X--------------------------------------

- <u>Tourism Department</u>

पर्यटन एवं नागरिक उड्डयन विभागले आगामी एक दिसम्बरदेखि मंगन जिल्लामा पर्यटकहरूको प्रवेशलाई खुल्ला गर्ने भएको छ। विभागले हिजो एउटा प्रेस विज्ञप्ति जारी गर्दै यस विषयको जानकारी दिएको हो। विज्ञप्तिमा भनिएको छ, यस वर्षको शुरूमा आएको भारी वर्षाका कारण गएको व्यापक पहिरोबाट यस जिल्लाका विभिन्न ठाउँमा पुल क्षतिग्रस्त हुनका साथै मार्ग अवरूद्ध भएको थियो। यसलाई मध्यनजर गरेर जिल्लामा पर्यटन गतिविथिलाई स्थगित गरिएको थियो।

यस जिल्लामा वर्तमान स्थिति र सड़क मार्गको अवस्थाको जाँचपछि पर्यटकहरूलाई चरणबद्ध रूपमा मंगन जिल्ला प्रवेश गर्ने अनुमति प्रदान गर्ने निर्णय गरिएको छ।

विभागले बताएअनुसार मंगन जिला प्रशासनले यस मितिदेखि जिल्लामा पर्यटकहरूको आवागमनलाई सुविधाजनक बनाउने दिशामा रूपरेखा तयार पार्नेछ।

--------------------------------------X--------------------------------------

## Soreng: Meeting on SSR

सोरेङका जिल्लाधीश श्री धीरज सुबेदीले जिल्ला प्रशासनिक केन्द्रमा आज बसेको फोटो मतदाता सूचीको विशेष संक्षिप्त संशोधन अर्थात Special Summary Revision-सित सम्बन्धित समीक्षा बैठकको अध्यक्षता गर्नुभयो।

अतिरिक्त जिल्लाधीश श्री DR विष्ट, मंगलबारियाका महकुमा अधिकारी श्री सन्तोष कुमार आले र निर्वाचन प्रकोष्ठ, सोरेङका अधिकारी अनि विभिन्न राजनीतिक पार्टीका प्रतिनिधिहरूको उपस्थितिमा बसेको बैठकमा जिल्लाधीश श्री सुबेदीले विशेष संक्षिप्त संसोधनबारे बोल्दै संसोधन पूर्व र संसोधनसित सम्बन्धित गतिविधिमाथि प्रकाश पार्नुभयो। यस वर्षको अक्टोबर उन्तीसदेखि २०२५-को छह जनवरीसम्म रहेको विशेष संक्षिप्त संसोधनमाथि जोड़ दिँदै श्री सुवेदीले भन्नुभयो, यसको मुख्य योग्यता मिति एक जनवरी, एक अप्रेल, एक जून र एक अक्टोबर हो। उहाँले बुथ स्तरीय अधिकारीहरूद्वारा जिल्लामा प्रत्येक घरको सर्वेक्षण गरिसकेको पनि बैठकमा जानकारी गराउनुभयो। जिल्लाधीशले सबै राजनीतिक पार्टीका प्रतिनिधिहरूसित विशेष संक्षिप्त संसोधनको प्रक्रियामा मानिसहरूलाई सहयोग पुर्‍याएर यस दिशामा योगदान दिने आग्रह गर्नुभयो।

--------------------------------------X--------------------------------------

- Road Inspection

नाम्चीकी जिल्लाधीश सुश्री अनुपा तामलिङले आज राभाङला-लेग्शेप सड़क मार्गको अवस्था र क्षतिग्रस्त घरहरू लगायत स्वास्थ्य सुविधा केन्द्र र विद्यालयहरूको निरीक्षण गर्नुभयो।

यस अवधि उहाँले सम्बन्धित निकायलाई सड़क मार्ग सुरक्षित र व्यवस्थित रहेको सुनिश्चित गर्न मरम्मतको कार्य तत्काल शुरू गर्ने निर्देश दिनुभयो।

--------------------------------------X--------------------------------------

- <u>Awareness Program</u>

महिला तथा बाल विकास विभागले पाकिम जिल्लाको नामचेबुङ GPU-मा आज बाल विवाहमुक्त भारत अभियानमाथि जागरूकतामुलक कार्यक्रम आयोजना गऱ्यो। विभागकी उपनिदेशक एवं सामाजिक कल्याण अधिकारी श्रीमती डिकित लेप्चाले स्वागत सम्बोधन राख्ने क्रममा बाल विवाहसित सम्बन्धित मामिलामाथि केन्द्र गर्दै सिक्किमको वर्तमान अवस्थाबारे बताउनुभयो।

मिसन शक्तिअन्तर्गत महिला सशक्तिकरण केन्द्रकी लैङ्गिक विशेषज्ञ सुश्री कुशुम शर्माले बाल विवाह निषेध ऐन २००६-माथि विस्तृत रूपमा बताउनुभयो। उहाँले बाल सुरक्षा र नाबालिगहरू विरूद्ध यौन उत्पिड़नलाई अपराध मानिने पोकसो ऐन २०१२-को बारेमा पनि उपस्थित मानिसहरूलाई अवगत गराउनुभयो। उहाँले बाल विवाह दण्डनीय अपराध हो भन्दै यससित संलग्न विरूद्ध हुने दण्डबारे विस्तृत रूपमा जानकारी गराउनुभयो।

---------------------------------------X---------------------------------------